सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #८

भाद्र, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको आठौँ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## प्रश्न



### विदुर नगरपालिका, नुवाकोट

"राम्रो काम लगाईदिन्छु भनेर एजेण्टले १५ लाख नेपाली रुपैयाँ लियो तर २ वर्ष बितिसक्यो मकाउ लगेकोछैन पैसा पनि फिर्ता दिएको छैन। पैसा तिरेको भर्पाइ पनि छैन। बैंकमा पैसा हालिदिएको बिलमात्र छ। एजेण्ट अहिले सर्म्पकमा छन् पैसाको कुरा गर्दा दिन्छु भन्छ तर दिदैन। के गर्ने होला ?"

### खरानीटार, नुवाकोट

"विदेश पुगिसकेपछि एजेण्टले ठगेको थाहा भयो, तर म विदेशमा छु। विदेशवाट नै कारबाहीको प्रकृया अगाडी बढाउन सकिन्छ कि सकिदैन ?"

### दुवाचौर, सिन्धुपाल्चोक

"म्यानपावर कम्पनीको ठगिमा परे उजुरीकोलागि कहाँ जाने ? उजुरी गर्ने कानुनी प्रावधान के छ ?"

# जवाफ

वैदेशिक रोजगारीमा गएका व्यक्ति म्यानपावर कम्पनीबाट ठगिएको खण्डमा पीडित स्वयं अथवा परिवारका सदस्यले एक वर्ष भित्रमा म्यानपावर कम्पनी विरुद्व उजुरी दिन सक्दछन्। वैदेशिक रोजगारीमा पठाउन इजाजत पत्र नलिएका ब्यक्तिहरूले वैदेशिक रोजगारीमा पठाईदिन्छु भनि नपठाई ठगी गरेको बिषयमा जहिले सुकै उजुरी गर्न मिल्छ। उजुरी दर्ता भइसकेपछि वैदेशिक रोजगार विभागले सम्बन्धित म्यानपावरलाई लिखित जवाफकोलागि ७ दिने म्याद पठाउँछ र ब्यक्तिले ठगी गरेको भए पीडित मार्फत ठगी गर्ने व्यक्तिलाई पक्रन सम्बन्धित इलाकाको प्रहरी कार्यालयलाई लेखि पक्राउ पुर्जि पठाउँछ। पक्राउ पुर्जी पीडितले ठगी गर्ने व्यक्ति रहेको इलाकाको प्रहरी कार्यालयमा दिनु पर्दछ।

तोकिएको मितिमा पीडित र पीडक दुवै पक्ष उपस्थित भएपछि विभागले दुवैको कुरा सुनेर सकेसम्म आफुले निर्णय गर्ने अधिकार भएको बिषयमा आपसी समझदारीमा मुद्दा मिलाउने कोशिस गर्दछ। मिल्न नसकेमा वैदेशिक रोजगार विभागका महानिर्देशकले आफ्नो क्षेत्राधिकार भएकोमा आफूले निर्णय गर्दछन् र वैदेशिक रोजगार न्यायाधिकरणले फैसला गर्नु पर्ने बिषयमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गर्दछन्।

वैदेशिक रोजगार सम्बन्धि मुद्दाहरु दुई किसिमका हुन्छन्। म्यानपावर ब्यवसायीसंग सम्बन्धित, पैसा र पासपोर्ट लिएपछि पनि तोकेको समयमा विदेश नपठाएको, सम्झौता पत्रमा तोके अनुसार काम र सेवा शुल्क नदिएको, तोकेको भन्दा बढी पैसा असुलि गरेको, विदेशमा तोके अनुसार काम नपाएपछि स्वदेश फर्काइ पाउँ भन्ने जस्ता जरिवाना सम्म सजाय हुने मुद्दाहरु वैदेशिक रोजगार विभागले निर्णय गर्दछ । त्यसैगरी, वैदेशिक रोजगार विभागबाट पूर्व स्विकृति नलिईकन कुनै पनि म्यानपावरले विभिन्न व्यक्तिलाई विदेश पठाईदिन्छु भनेर पैसा र पासपोर्ट लिएको, नेपाल सरकारले वैदेशिक रोजगारकालागि खुला नगरेका मुलुकहरुमा वैदेशिक रोजगारमा पठाईदिन्छु भनेर झुठा आश्वासन दिई पैसा उसुल गरेका र ईजाजत पत्र नलिई एजेन्ट वा ब्यक्तिले वैदेशिक रोजगारमा पठाईदिन्छु भनि पैसा र पासपोर्ट लिई नपठाई ठगी गरेका कैद र जरिवाना हुने मुद्दाहरु वैदेशिक रोजगार न्यायाधिकरणले निर्णय गर्दछ।

वैदेशिक रोजगार बिभागले अभियोग पत्र दर्ता गराएका न्यायाधिकणमा रहेका मुद्दामा सरकारी वकिलले साक्षी बकपत्र, बहस पैरवी गर्दछन्। वैदेशिक रोजगार मुद्दामा पीडितको तर्फबाट मुद्दा गर्नकोलागि चाहिने जाहेरी दरखास्त तथा निवेदन मस्यौदा गर्ने , मुद्दामा ताकेता, बकपत्र, बहस पैरवी गर्ने र मुद्दा फैसला भए पछि बिगो भराउने दरखास्त पत्र मस्यौदा गर्न नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयले सुरक्षित आप्रवासन परियोजना (सामी) को सहकार्यमा पिपुल फोरम मार्फत वैदेशिक रोजगार पीडितका लागि निशुल्क कानूनी सहयता पनि प्रदान गर्दै आएको छ। ( पिपुल फोरम कानूनी सहायता फोन नं. ०१६, ९२३८२१ )

**कृष्ण न्यौपाने**
परियोजना संयोजक
Free legal aid service for migrant workers
पिपुल्स फोरम
००९७७-९८४१४२२४७१


**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग, काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
००९७७-१-४१०५०५८

# सवाल

**धुनिवेशी, धादिङ**

"छोरो विदेशमा कामकै शिलशिलामा दुर्घटनामा परेर दुबै खुट्टा नचल्ने भएर फर्कियो। सरकारले सहयोग गर्छ भन्छन् तर, सहयोगकोलागि कहाँ जाने, प्रकृया के हो, थाहा छैन।"



**चौतारा, सिन्धुपाल्चोक**

"वैदेशिक रोजगारीमा जाँदा अनिवार्य बिमा गर्नु पर्दछ। के विदेशवाट फर्कर आईसकेपछि बिमा बराबरको रकम दावि गर्न मिल्छ ?"

# जवाफ

वैदेशिक रोजगारीमा जाने सबै नागरिकको अनिवार्य बिमा गर्नु पर्दछ।

तिन प्रकारको अवस्थामा वैदेशिक रोजगारीमा गएका व्यक्ति वा परिवारलाई बिमा कम्पनिले सहयोग गर्दछ।

- निको नहुने रोग लागेमा बिमितले औषधोपचार खर्च प्राप्त गर्दछ।
- कामदारको अंगभंग भयो भने उसको क्षतिको अवस्था हेरेर बिमा कम्पनीले क्षतिपुर्ति प्रदान गर्दछ।
- कामदारको दुखद निधन भयो भने परिवारले १५ लाख प्राप्त गर्दछ।

घातक रोग बापत ५ लाख, जीवन बिमा बापत ७ लाख ५० हजार, बोर्डबाट अधिकतम १ लाख ५० हजार सहित जम्मा १४ लाख राहत तथा क्षतिपुर्ति दिने व्यवस्था छ।

डाक्टरले परीक्षण गर्दा बिमा सम्झौतामा उल्लेख भएका १५ ओटा रोग मध्ये हो भनेर पुष्टि भयो भने १५ लाख भन्दा छुट्टै उपचार खर्च भनेर खर्च प्राप्त गर्ने व्यवस्था छ। क्यान्सर, मृगौला, पुर्ण अन्धोपन, हृदयघात, प्यारालाईसीस, ट्युमर, मुख्य अंग प्रत्यारोपण, मुटुको शल्यकृया, कोमामा गएमा, गम्भीर दुर्घटना लगाएतका घातक रोग लागे कामदारले उपचार खर्च बापत तत्कालै पाँच लाख रुपैयाँ पाउने व्यवस्था छ।

बिमाबाट मध्यपूर्वका कतिपय देशका लागि ३ वर्ष र मलेसियाकालागि ४ वर्ष रक्षावरण गर्दछ। हाल करार अवधि भन्दा ६ महिना बढिको बिमा गर्ने भएकोमा, अब सो अवधि बृद्धि भई एक वर्ष बनाईएको छ।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
००९७७-१-४७८२४५४


# सवाल

**पाँचखाल, काभ्रेपलाञ्चोक**

“वैदेशिक रोजगार सम्बन्धि ठगिए सरकारले जिल्लामै न्याय पाउने व्यवस्था गरिदिए हुन्थ्यो ।”

**धादिङबेशी, धादिङ**

“एजेण्ट वा म्यानपावर कम्पनीबाट ठगिए न्याय खोज्न काठमाण्डौ नै आउनु पर्ने हो ?”



# जवाफ

वैदेशिक रोजगारी सम्बन्धि ठगिएका व्यक्तिहरुले क्षेत्रिय प्रशासन तथा जिल्ला प्रशासन कार्यालयहरु, श्रम कार्यालयहरू, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, श्रम तथा रोजागर मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्र मार्फत उजुरी हाल्न पाउँदछन् ।

वैदेशिक रोजगार ऐन २०६४ तथा नियमावली २०६४ अन्तर्गत सो सम्वन्धमा अनुसन्धान गर्ने, क्षतिपुर्ति दिलाउने, उद्धार गर्ने, दण्ड जरिवान गर्ने तथा न्यायधिकरणमा मुद्दा पेश गर्ने समेतका कार्यहरु गर्ने प्रावधान हाल सम्म वैदेशिक रोजगार विभागमामात्र निहित भएकोहुँदा, प्राप्त भएका सबै उजुरीहरु अन्तिममा काठमाण्डौ स्थित वैदेशिक रोजगार विभागको कार्यालयमा दर्ता हुन्छन् । त्यसैले पीडित न्याय प्राप्तिकालागि विभागको कार्यालय पुग्नु पर्ने हुन्छ ।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
००९७७-१-४७८२४५४

# मेरो कथा – अनुभुती र भोगाई





## बृजलाल चौधरी

### धधवा, बर्दिया

भर्खर २३ वर्षमा टेक्दै गरेका बर्दिया धधवाका बृजलाल चौधरी दुई वर्षको छोरा र श्रीमति घरमै छोडेर पैसा कमाउन भनेर साउदि अरब गए। गत वर्षको तिहार लगतै विदेशिएका उनि साउदि अरबमा जुस कम्पनीमा काम गर्दै थिए। काम सोचे अनुसार नै हुदै थियो। गएको जुन ३ तारिकमा नाईट डियुटी सकेर सुतेका उनि त्यस पछि उठेनन्। अर्को दिन बिहान अर्थात जुन ४ मा उनि सुतेकै अवस्थामा मृत फेला परे।

घरमा उनको मृत्युको खबर आयो। शोकाकुल परिवारलाई लास भए पनि हेर्ने ईच्छा थियो तर, शव नेपाल कसरी ल्याउने थाहा थिएन। मृतक बृजलालकि श्रीमतिका दाजु तुलसीराम चौधरी काभ्रेको बनेपामा रहेर काम गरिरहेका थिए। यसै शिलशिलामा उनले काभ्रे स्थित सिटिजन हेल्प डेस्कस्का कम्युनिटी फ्रन्टलाईन एसोसिएट (सिएफए) रोजन तामाङलाई भेटेर मृतकलाई नेपाल फर्काईदिन अनुरोध गरे। त्यस पश्चात तामाङले आवश्यक कागजात संकलन गरी वैदेशिक रोजगारीमा गएका व्यक्ति र  परिवारका सदस्यहरूको अधिकारको पक्षमा काम गर्ने संस्था सेन्टर फर माईग्रेशन एण्ड ईन्टरनेशनल रिलेशनस् (सिएमआईआर) लाई बुझाए र मृतकको लास नेपाल फर्काउने प्रकृया अगाडी बढ्यो। तर बिचमा १५ दिन ईदको बिदा परेर केहि ढिलो भयो। प्रकृया पुरा भए पश्चात १ अगष्ट २०१७ का दिन मृतक बृजलाल चौधरीको मृत शरीर ईतिहाद एयरको बिमान बाट राति करिव ८ बजे नेपाल आईपुग्यो। सिएमआईआर कै पहलमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले उपलब्ध गराएको एम्बुलेन्समा  मृतकको लास उनका आफन्तको जिम्मा लगाएर सोही दिन राति नै उनको गृह जिल्ला पठाईयो।

गत साउन ३१ गतेका दिन मृतक बृजलाल चौधरीकी श्रीमति प्रमिला चौधरी वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट पाउनु पर्ने सहयोग रकम रु ३ लाख बुझिसकेकि छिन भने, विमा बापत पाउनु पर्ने रकमको प्रकृया जारी छ।

प्रकृया र उपयुक्त माध्यम थाहा नभएकै कारण कयौं मृतकका परिवारले महिनौ र कतिपय अवस्थामा वर्षौ बित्दा पनि विदेशवाट लास ल्याउन सकिरहेका छैनन्। न त मृतकका परिवारले सरकारी तवरबाट पाउनु पर्ने सेवा सुविधा नै लिन सकेका छन्।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- वैदेशिक रोजगारीका लागि मान्यता प्राप्त देशहरु (Link)
- वैदेशिक रोजगारीको क्रममा समस्या परेमा निम्न देशहरुका नेपाली नियोगमा कार्यरत काउनसुलर / श्रम सहचारीलाई सम्पर्क गरौँ (Link)
- मान्यता प्राप्त म्यानपावर कम्पनीहरु (Link)
- विदेशमा हराएका परदेशीका परिवारले के गर्ने ? (Link)
- पुनर्निर्माण सम्बन्धि गुनासो व्यवसपन कार्यविधि २०७४ (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन् । २०७४ श्रावण १७ गतेदेखि २०७४ भाद्र १५ गतेसम्म ४ जिल्लाका करिव ४९७ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

## Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।

accountabilitylab

Local Interventions Group
data - driven development